ज.प्र.का.म.द.नं.४८/०७३/०७४
वर्ष ६, अंक २४५
२५ जेठ २०८० बिहीबार
8 Jun. 2023, Thursday
www.shirishnews.com
पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# ढल्केवर : आकस्मिक अस्पताल सञ्चालनमा एमालेको अवरोध

**खबर दर्पण समाचारदाता**

**जेठ २४ गते, ढल्केवर**

धनुषाको मिथिला नगरपालिकाको ढल्केवरस्थित अस्पतालमा इमरजेन्सी सेवा संचालनका लागि कर्मचारी भर्ना प्रक्रिया नै रोकिएपछि आक्रोशित स्थानीयले नगरपालिकामा तालाबन्दी गरेका छन् ।

इमरजेन्सी सेवा संचालनका लागि कर्मचारी भर्ना प्रक्रिया स्थगित गरेपछि आक्रोशित स्थानीयले नगर पालिकाका मेयर, उपमेयर र कार्यकारी अधिकृतको कार्यकक्षमा तालाबन्दी गरेका हुन ।

नगरपालिकाद्वारा अस्पतालमा इमरजेन्सी सेवा संचालनका लागि कार्यविधि तयार गरी राजपत्रमा प्रकाशन सहितका सम्पूर्ण प्रक्रिया पूरा भई कर्मचारी भर्नाका लागि जेठ २५ गते आवेदकहरुको अन्तवार्ता लिने कार्यक्रम तय गरिएको थियो । यद्यपि एक्कासी कर्मचारी भर्ना प्रकृया स्थगित गरिएपछि आक्रोशित स्थानीयले नगरपालिकामा आएर नाराबाजी गर्दै तालाबन्दी गरेको स्वास्थ्य शाखाका प्रमुख अशोक भण्डारीले बताए ।




अन्तवार्ताको दुई दिन समय बाँकी रहेको अवस्थामा नगरपालिकाका उपमेयर सुनिता सिंह बुढाथोकी र एमालेबाट निर्वाचित केही बोर्ड सदस्यले कार्यकारी अधिकृत बसन्त न्यौपानेलाई दबाव दिएर कर्मचारी भर्ना प्रकृया रोक्न लगाएका आरोप स्थानीयको छ ।

तालाबन्दी गर्न पुगेका स्थानीय परमेश्वर महतोले भने 'ढल्केवर अस्पतालमा इमरजेन्सी सेवा संचालनका लागि विज्ञापन गरिएको अनमी सहितका पदका भर्ना प्रक्रिया एक्कासी अन्तिम समयमा रोकिएकाले तालाबन्दी गरेका हौं ।' उपमेयर बुढाथोकी र एमालेबाट निर्वाचित बोर्डका केही सदस्यहरुले नियतवश आफ्ना मान्छे भर्ना गर्न रोक्न लगाएका उनको आरोप छ।

घटना बारे कार्यकारी अधिकृत न्यौपानेले भने 'अस्पतालमा इमरजेन्सी सेवा संचालनका लागि हामीले विज्ञापन गरेका थियौं, अन्तवार्ताका लागि जेठ २५ गतेका लागि मिति पनि तोकियौं । तर कार्यपालिका सदस्यहरुबाट छलफल गराएर मात्र प्रक्रिया अघि बढाउन सुझाव आएपछि हालका लागि अनमी पदको अन्तवार्ता स्थगित गर्नु परेको हो ।'

अधिकृत न्यौपानले एमाले कार्यपालिका सदस्य र उपमेयरको दबावमा भर्ना प्रक्रिया रोकिएको कुरा नखुलाएपनि तिनीहरुको दबावमा गरिएको भन्ने कुरा उनले प्रकाशन गरेको स्थगित सूचनामा केही सदस्यहरुको सुझाव आएको भनिएको कुराले प्रष्ट हुन्छ ।

यस सम्बन्धमा नगरपालिकाका मेयर महेन्द्र महतोले सरसफाई देखि इमरजेन्सी सेवा सहितका आवश्यक कर्मचारी पूर्ति गर्न नगरपरिषद्बाट निर्णय गराएर प्रक्रिया अघि बढाएपछि कार्यपालिकाका सदस्यहरुले कार्यविधिबाट काम अगाडि बढाउन भनेपछि कार्यविधि बनाएर पनि अघि बढेपछि उनीहरुले अवरोध गर्ने काम गरेको बताए । घटना बारे उपमेयर बुढाथोकीलाई सम्पर्कमा आउन चाहेनन् ।

मेयर महतोले भने 'कार्यपालिकाको सदस्य साथीहरुको छलफलबाट कार्यविधि अनुसार इमरजेन्सी सेवा संचालनका लागि अनमी सहितका कर्मचारी भर्ना गर्न खाजेपछि अन्तवार्ताको अन्तिम समयमा आएर अधिकृत न्यौपानेलाई दबाव दिएर रोक्न लगाएको हो । उनले भने ढल्केवरको विकास नचाहने साथीहरुले यस्तो कार्यमा लागेको हो । इमरजेन्सी सेवा संचालनका लागि नगरपालिकाले स्वास्थ्य उपकरणहरु समेत खरीद गरिसकेको छ भने कर्मचारी भर्नाको तयारीमा जुटेका छन् । गएको असोज १२ गतेमै नगरपालिकाले मेडिकल अधिकृत २, ल्याब टेक्नोलोजिस्ट १, अनमी ४, स्वीपर २ जना सहितको आवश्यक कर्मचारी भर्नाको विज्ञापन प्रकाशन गरेको थियो । सो विज्ञापन अनुसार अनमी पदको अन्तवार्ता स्थगित गरिएको हो । अन्य पद बारे अहिले कुनै निर्णय नगरिएको बुझिएको छ ।

# बर्दिबास :युवाहरुले चन्दा संकलन गरेर सर्पदंश उपचार केन्द्रलाई लाखौंको उपकरण खरिद गरिदिए

**खबर दर्पण समाचारदाता**

**जेठ २४ गते, बर्दिवास**

बर्दिबासका मनकारी युवाहरुले चन्दा संकलन गरेर सर्पदंश उपचार केन्द्रलाई लाखौंको उपकरण खरिद गरिदिएका छन्।

युवाहरुले एक आपसमा सहयोग संकलन गरे उपचार केन्द्रमा एन्टि स्नेक भेनम भण्डारण गर्न एक थान फ्रिज, स्टेप लाइजर, भ्याक्सिन राख्ने बक्स सहयोग गरेका छन्।

त्यसैगरि बर्दिवास नगरपालिकाको तर्फबाट मेयर प्रह्लदा कुमार क्षेत्रीले पोर्टेवल भेन्टिलेटर र अक्सिजन कन्सट्रेटर केन्द्र व्यवस्थापन समिति हस्तान्तरण गरेका छन्।

नेपाल रेडक्रस सोसाइटी उपशाखा कार्यालय बर्दिवास र बर्दिवास हेल्फ फाउन्डेसनमा आवद्ध दुई दर्जन युवाहरुले मिलेर मिलेर सहयोग जुटाएका थिए। नगरपालिकालाई भेन्टिलेर मेसिन र अक्सिजन कन्सट्रेटर हस्तान्तरणका लागि वातावरण मिलाएका थिए।

बर्दिबास हल्फ फाउण्डेसनमा आवद्ध युवाहरुले उचित तापक्रममा मेन्टेन गरेर एन्टि स्नेक भेनमलाई भण्डारण गरि राख्न मिल्ने २ लाख ८२ हजार ५ सयको बराबरको एक थान फ्रिज किनिदिएको छ।




नेपाल रेडक्रस सोसाइटी उपशाखा कार्यालय बर्दिवासको तर्फबाट ७ हजार बराबरको एकथान स्टापलाईजर र ३ हजार ५ सय बराबरको एक थान भ्याक्सिन बक्स प्रदान गरिएको शाखा अध्यक्ष सुदिप कार्की (रेवन्त)ले बताए।

उपकरण खरिदमा सहयोग रकम उपलब्ध गराउँनुहुने दातालाई बर्दिबास हेल्प फाउण्डेसनका अध्यक्ष हीरा गौतमले धन्यवाद दिएका छन् । ' गर्मि बढ्दै गर्दा तराईमा सर्पको टोकाई अध्याधिक हुन्छ । यस्तो बेला ज्यान बचाउने एक मात्रै स्थान सर्प दंश उपचार केन्द्र गौरीडाँडा हो । तर, यहाँ उपकरण अभाव रहेको हामीलाई जानकारी भयो अनि हामी युवाहरु जुटेर गाउँलेको ज्यान बचाउनका लागि उपकरण खरिदमा जुट्यौं', अध्यक्ष गौतमले भने, 'समाजिक काममा सबैले मन खोलेर सहयोग गर्नुभयो । आगामी दिनमा यस्तै खाले अन्य सहयोगहरु गर्दै जानेछौं ।'

सहयोगमा प्राप्त उपकरणले उपचारमा निकै सहयोग पुग्ने सर्प दंश उपचार केन्द्रका अध्यक्ष कृष्ण प्रसाद देवकोटाले जनाए। 'उपचार केन्द्मा पुरानो फ्रिज तापक्रम मेन्टिन गर्न नसक्दा गत वर्ष सात सय एन्टि स्नेक भेनम नष्ट भएको थियो। भेन्टिलेटरको अभावमा सर्प दंशबाट गम्भीर विरामी परेकाहरुलाई उपचारमा समस्या हुँदै आएको थियो', समस्या बताउँदै अध्यक्ष देवकोटाले भने, 'अब भने ती सबै समस्या समाधान भएको छ। मनकारी युवाहरुको सहयोगले सर्पको टोकाईबाट घाइते भएर उपचारका लागि आउनेहरुले स्वास्थ्य लाभ लिने छन्। '

२०७१ साउन ३१ देखि समुदायबाट सञ्चालन गरिएको सर्प दंश उपचार केन्द्रले गत आर्थिक वर्षसम्म ३२ हजार बढीको ज्यान जोगाएको उनले बताए।

*बाँकी पृष्ठ ३ मा*

# बस दुर्घटनामा आठ जना घाइते



**खबर दर्पण समाचारदाता**

**जेठ २४ गते, बर्दिवास**

महोत्तरीमा सवारी दुर्घटना हुँदा ८ जना घाइते भएका छन् । काठमाडौंबाट सप्तरीको राजविराज जाँदै गरेको ना ६ ख १८८२ नम्बरको बस बुधबार बिहान महोत्तरीको बर्दिबास नगरपालिका-११ स्थित पूर्वपश्चिम राजमार्गको शिव चोकनजिकै दुर्घटनामा पर्दा ८ जना घाइते भएका छन् ।

घाइते हुनेहरूमा सप्तरीका ३० वर्षीय फूल कुमार पासवान, सिरहा नरहा-१ का २४ वर्षीय नागेश्वरी महतो, कल्याणपुर-६ का ४५ वर्षीय डोमा दास, कर्जनाहा-३ का २१ वर्षीय रामबिनय दास, २० वर्षीय मन्दिप महतो, २१ वर्षीय मिथलेश दास र सिरहाको गोलबजार नगरपालिका-६ का २७ वर्षीय राजु सदा रहेको प्रहरीले जनाएको छ ।

इलाका प्रहरी कार्यालय बर्दिबासका अनुसार सडक छेउमा बिग्रिएर राखिएको प्रदेश-२-०१-००१ख ०२२१ नम्बरको ट्रकमा बिहान ६ बजेतिर सो बस ठोक्किंदा दुर्घटना भएको हो । बसमा रहेका २२ जना यात्रु मध्ये अन्यको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । घाइतेहरूको भने बर्दिबासस्थित ट्रमा सेन्टरमा उपचार भइरहेको छ ।

जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।
**सोनमा गाउँपालिका कार्यालय**
महोत्तरी

## सम्पादकीय

# जनताले कसमाथि विश्वास गर्ने ?

आफ्नै मुलुकका नागरिकलाई शरणार्थी बनाइ ठगी गर्ने कार्यमा सरकारकै महत्वपूर्ण अङ्गनै सरिक भयो भने तपाई सोच्नुस ! त्यो मुलुकको भविष्य कस्तो हुन्छ ? यो घटना हेर्दा, घुस र कमिशन लिने कार्य सामान्यजस्तै लाग्छ । पैसा कमाउनका लागि जिम्मेवार पदमा बस्ने व्यक्तिहरु कति हदसम्म तल झर्न सकिन्छ भन्ने यो घटनालाई ज्वलन्त उदाहरणको रुपमा लिन सकिन्छ । मानव तस्करीमा पर्ने व्यक्तिको नागरिकताको हैसियत खोसिदैन् । यो कार्यमा देशको नागरिकलाई राज्यपक्षका केही उच्च पदाधिकारीहरुले अनागरिक बनाएर 'नागरिक तस्करी' गरेको छ। यो अत्यन्त घृणित कार्य हो। नेपालमा प्रजातन्त्र पुनःस्थापनापछि सत्तापक्षका साँसद्लाई मन्त्री बन्न र प्रतिपक्षलाई सत्तामा पुग्ने होडवाजीले गर्दा दलहरु सिद्धान्तविहिन हुँदै गए र कतिपय नेताहरुमा नैतिकता विलुप्त हुँदै गयो। जसरीपनि चुनाव जित्ने र सत्तामा पुग्ने महत्वकाङ्क्षाका कारण गलत प्रवृतिका व्यक्तिका मनोवल बढ्दै गयो। सत्ताको बजारमा दलहरुको सिद्धान्त मोलतोलमा परिणत भयो । अव, सत्ताको आडमा सुनियोजित ढङ्गले भ्रष्टाचारलगायत अनैतिक कार्यहरु हुन थालेको हो। दलका शीर्ष नेताहरुबाट संरक्षित भएपछि गलत प्रवृतिका व्यक्तिहरुको मनोवल बढ्दै गयो । त्यसैको परिणतिको रुपमा नक्कली भुटानी शरणार्थीको विषयलाई लिन सकिन्छ । यस घटनाले गर्दा अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठामा आँच पुगेको छ। कुनैपनि मुलुकमा सुशासनका लागि कानुनी राज्यको अवधारणालाई अङ्गिकार गर्नु पर्दछ । यस कार्यका लागि राष्ट्रको बागडोर सम्हाल्ने दलका नेताहरु सचरित्र हुनु आवश्यक छ। नेपालमा प्रजातन्त्रको पुनः स्थापना भएको तीन दसक वितिसक्दा पनि जनताले सुशासनको अनुभूति पाउन नसकेको हो । जहिलेपनि सत्ताका लागि दलहरुबीच खिचातानी जारी रह्दा सर्वसाधारण जनताको आधारभूत आवश्यकताको विषयमा खासै सुधार हुन नसकेको हो। मुलुकमा कानुनी राज्यको अवधारणालाई प्रत्याभूत गराउने महत्वपूर्ण जिम्मेवारी गृह मन्त्रालयको हुन्छ। त्यो मन्त्रालयका मन्त्री र सचिवनै मुलुकका नागरिकलाई अनागरिक बनाएर मानव तस्करीजस्ता कार्यमा तल्लीन हुन्छ भने त्यो मुलुकको जनताले कसमाथि विश्वास गर्ने भन्ने जटिल प्रश्नको जवाफ कुन दलका नेताले दिने हो ? नेतापनि मुलुकभित्रैकै हो । पार्टीका कार्यकर्ता र जनतालाई पनि थाहा छ, फलानो नेता भ्रष्ट छन् । तापनि, उसको पक्षमा वकालत गर्छन् । कोही पैसा लिएर, कोही जातपातको आधारमा र आफू पार्टीप्रति समर्पित कार्यकर्ता भएको सम्झेर मतदान गर्छन् ।

# नागरिकतामा राजनीति

- डा. बालकृष्ण साह

संविधानमा नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भनिएको छ। नागरिकता प्रमाणपत्रको महत्तव हुनेलाई कम र नहुनेलाई बढी थाहा हुन्छ। नागरिकताबाट वञ्चित नेपालीले बेहोर्नु परेको प्रशासनिक कठिनाइ अनि मानसिक तनावलाई नागरिकता विधेयक, २०७९ ले समाधान गर्नेछ।

**घटना– १**

विराटनगर-१४ का २४ वर्षीय किसन अग्रवाल र अन्य धेरै आफूलाई यतिका समयसम्म अनागरिक बनाउने राज्यविरुद्ध धर्नामा उत्रिएका छन्। 'एउटा नागरिकता पनि नदिने देशमा बसेर मैले कसरी भविष्य बनाउने ? मेरो जीवन बर्बाद पार्न पाउँछ राज्यले ?' उनको प्रश्न छ। उनका बुवाआमासँग राज्यले 'जन्मका आधारमा' दिएको नागरिकता छ। बुवाको मृत्यु भइसकेको छ।

७० वर्षीया आमा घरैमा पसल चलाउँछिन्। कमाउन थाल्नुपर्ने उमेरका छोरा किसन भने नागरिकता नभएकै कारण भने जसरी केही गर्न नपाउने अवस्थामा थिए। '२४ वर्षको भएँ, आमा ७० वर्ष, यो आमा पाल्नुपर्ने समय हो। तर, आमाले पाल्नु परेको छ', किसनले पीडा पोखेका थिए।

**घटना– २**

मोरङमा जन्मिए पनि प्राथमिक तहको अध्ययन नसकिँदै थप अध्ययनका लागि काठमाडौं पुगेकी चन्दा साहको पीडा पनि कम थिएन। नर्सिङ अध्ययनका लागि नागरिकता चाहिने रहेछ। भर्ना हुने बेलामा नागरिकता बनाएर पेस गर्ने भनी सहीछाप गरिन्। नेपालमै जन्मेहुर्के अनि पढेकाले नागरिकता बनाउन समस्या होला भन्ने उनले सोचेकी थिइनन्। नागरिकताका लागि उनी मोरङ आइन्। वडा कार्यालयबाट सिफारिस पाउन सकिनन्।

कारण थियो, बुबाको 'नागरिकताको किसिम' अर्थात् 'जन्मका आधारमा' नागरिकता रहेछ। आमाको नागरिकता वंशज छ, बुवाको पनि वंशज हुनुपर्ने बताइयो। नागरिकताबिना नर्सिङ अन्तिम वर्षको परीक्षा दिन नपाउने भएपछि चन्दाले कानुनको मद्दत लिनु पर्‍यो। अदालतले आफ्नो पक्षमा फैसला दिएपछि नर्सिङ परीक्षामा सामेल भएर उत्तीर्ण त भइन् तर नर्सिङ परिषद् (काउन्सिल) मा दर्ता भएर नेपालमा सेवा गर्ने चाहना चाहनामै सीमित भयो। तर चन्दाले हार मानिनन्।

'म नेपालमा जन्मेको, नेपालीको छोरी, अनि म चाहिँ गैरनागरिक कसरी भए ?'उनको प्रश्न थियो। अन्ततः संवैधानिक व्यवस्थानुसार उनले मुद्दा जितेर नागरिकता प्राप्त गरिन्।

संवैधानिक व्यवस्था : नेपालको संविधान २०७२ को भाग १ (प्रारम्भिक) मा 'यो संविधान नेपालको मूल कानुन हो। यस संविधानसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुनेछ', भनी उल्लेख छ। भाग २ मा नागरिकता महल छ। जसमा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन भनी उल्लेख छ। सोही महलमा 'यो संविधान प्रारम्भ हुनुअघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ' भनी स्पष्टसँग लेखेको छ। अझ यसैमा 'नेपालभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ' भनेर सजिलै नागरिकता पाउन सकिने प्रावधान छ।

यसैगरीमा 'नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ। तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानुनबमोजिम अंगीकृत नागरिकतामा परिणत हुनेछ।' यी नागरिकता महलमा नेपालमा जन्मेका वा फेला परेका समेतले नागरिकता पाउनुपर्ने देखिन्छ।

समस्या कहाँनेर र किन ? : आमा र बुबाको जुनसुकै किसिमको नागरिकता भए पनि आमामात्रैको नागरिकता भए पनि सन्तानले नागरिकता पाउनुपर्ने हो। तर किसन जस्तै धेरैले पाउन सकेका छैनन्। आखिर किन ? धेरैलाई अचम्म लाग्न सक्छ। यो समस्या २०६३ सालमा जन्मको आधारमा नागरिकता पाएका सन्तानका लागिमात्रै रहेछ। अन्य जन्मका आधारमा नागरिकता पाएका नागरिकका सन्तानलाई चाहिँ छैन। यसको मुख्य कारण २०६३ सालको नागरिकता टोलीबाट बाबुको नागरिकता नभए पनि २०४६ चैतभित्र नेपालमा जन्मेको प्रमाणित भए 'जन्मका आधारमा' नागरिकता वितरण गरियो। सो बखत 'जन्मका आधारमा' नागरिकता पाएका नेपाली नागरिकका सन्तानलाई नागरिकता दिने विषयमा केही अन्योल थियो। २०७५ चैत्र १९ गतेको च.न. ५८३ मा गृह मन्त्रालयलले सबै जिल्ला प्रशासन कार्यालयलाई 'नेपालको संविधानको धारा ११ को उपधारा (३) को व्यवस्थाबमोजिम जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका नागरिकका सन्तानले आफ्नो बाबु र आमाको नेपाली नागरिकताको प्रमाणपत्र संलग्न गरी नेपाली नागरिकता पाउन निवेदन दिएमा नेपाल नागरिकता ऐन २०६३, नेपाल नागरिकता नियमावली २०६३ र नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका २०६३ बमोजिम वंशजको आधारमा नागरिकता प्रदान गर्दा अपनाउनुपर्ने कार्यविधि प्रक्रिया अपनाइ जे जो बुझ्नुपर्छ बुझी उपयुक्त देखिए वंशजको आधारमा नागरिकता प्रदान गर्न सकिने' भनेर मन्त्रीस्तर बैठकबाट निर्णय भएको व्यहोरा उल्लेख गरेर नागरिकता वितरण गर्न अनुरोध गरिएको थियो। सोहीअनुसार उमेर पुगेका जन्मका आधारमा नागरिकता पाएकाहरूका सन्तानले नागरिकता सजिलै पाउन थालेका थिए।

गैरनागरिक कहिलेसम्म ? : पछि गृह मन्त्रालयको जुन पत्रका आधारमा जिल्ला प्रशासन कार्यालयहरूले नागरिकता वितरण गरे, त्यसैको विरुद्धमा सर्वोच्च अदालतमा निवेदन पर्‍यो। २०७६ वैशाख २४ को पूर्ण इजलासले गृहको च.नं. ५८३ को पत्र हाललाई कार्यान्वयन नगर्नू, नगराउनू भनी अल्पकालीन आदेश जारी गर्‍यो। यसै आदेशबमोजिम गृह मन्त्रालयले 'आदेश कार्यान्यन गर्नू गराउनू' भनी २०७६ वैशाख २५ गते च.नं. ६४९ ले सम्पूर्ण जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरेर जन्मका आधारमा नागरिकता पाएका नागरिकका सन्तानलाई नागरिकता पाउने अधिकारबाट वञ्चित गरिएको छ। नागरिकता प्रमाणपत्रको महत्व हुनेलाई कम र नहुनेलाई बढी थाहा हुन्छ।

पढ्न, जागिर खान, चल-अचल सम्पत्ति खरिद बिक्री गर्न, व्यवसाय गर्न, सवारी अनुमतिपत्र प्राप्त गर्नसमेत नागरिकता चाहिन्छ। वंशज नागरिकका सन्तानलाई नागरिकता प्रमाणपत्र लिन कुनै जटिलता छैन। तर संवैधानिक व्यवस्था भए पनि जन्मका आधारमा नागरिकता प्राप्त गरेका बाबुआमाका सन्तानले यो प्राप्त गर्न अदालत धाउनुपर्ने या अनागरिक भई गैरमानवीय जीवन बिताउनुपर्ने अवस्था थियो।

यस्तो असमानता र नागरिकताबाट वञ्चित नेपालीले बेहोर्नु परेको प्रशासनिक कठिनाइ अनि मानसिक तनावलाई नागरिकता विधेयक, २०७९ ले समाधान गर्नेछ। विधेयकले २०७२ असोज ३ गतेभन्दा अघि जन्मका आधारमा नागरिकता पाएका नेपाली नागरिकका सन्तानले अदालत नधाएर, राज्यले अनागरिक बनायो भनेर मुद्दा नै गरी नेपाली नागरिकता प्राप्त गर्न सक्ने बनायो। जन्मका आधारमा नागरिकता पाएका नेपालीका सन्तानले गैरनागरिक भएर कहिलेसम्म बस्नुपर्ने हो ? अन्योल छ। अन्नपूर्णपोष्टबाट

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सरकारी कर्मचारी चढेको गाडी अवकाशपछि आफैँ लैजान पाउने व्यवस्था गरिँदै



**वसन्त अर्याल**

**जेठ २४ गते, काठमाडौं**

सरकारी कर्मचारीले आफू चढेको गाडी अवकाशपछि घर लैजान पाउने भएका छन्। सरकारले सुविधा पाउने कर्मचारीलाई एकमुष्ट रकम दिएर आफूले चढेको गाडी घर लैजाने व्यवस्था गर्न लागेको हो।

आगामी आर्थिक वर्षको बजेटमा सवारी साधनको सुविधा प्राप्त गर्ने पदाधिकारीलाई नगद नै दिने व्यवस्था गरिएको छ। सरकारी गाडीको दुरुपयोगपछि सरकारले कर्मचारीलाई गाडीको सट्टा रकम दिएर गाडी खरिद गर्न सक्ने व्यवस्था गर्न लागेको छ।

'सरकारी सवारी साधनको सञ्चालन र व्यवस्थापनमा हुने बढ्दो खर्च नियन्त्रण गर्न सरकारी सवारी सुविधा प्राप्त गर्ने पदाधिकारीलाई सवारी साधनको सट्टा तोकिएको मापदण्डको आधारमा एकमुष्ट रुपमा नगदै प्रदान गर्ने व्यवस्थाको सुरुवात गरिने छ,' जेठ १५ को बजेट वक्तव्यमा उल्लेख गरिएको छ।

गाडी पुराना भएपछि सरकारी कर्मचारी चढ्न मान्दैनन्। मर्मतपछि चलाउन सकिने गाडी सिंहदरबारकै कुनामा पनि थन्किएर बसेका छन्। सरकारी निकायमा र हेका पुराना र प्रयोगविहीन सवारी साधन लगायतका समानहरु ६ महिनाभित्र लिलाम गरिने बजेटमा उल्लेख छ। आगामी आर्थिक वर्षको लागि भने सरकारले नयाँ सवारी साधन खरिद नगर्ने घोषणा गरि सकेको छ।

सामान्यतया सचिव र सहसचिवले चारपांग्रे गाडीको सुविधा पाउँछन्। त्यसबाहेक कार्यालय प्रमुखले सवारी साधनको सुविधा पाउँछन्। तल्लो तहका कर्मचारीलाई मन्त्रालयले मापदण्ड बनाएर दुईपांग्रे सवारी साधनको सुविधा समेत दिइरहेका छन्।

अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्माले गाडीको सुविधा पाउने कर्मचारीलाई गाडीको सट्टा रकम दिने मोडालिटी टुंगिन बाँकी रहेको बताएका छन्।

शर्माले कुन तहको कर्मचारीलाई कति रकम दिने वा कति र कमसम्मको गाडी खरिद गर्ने र कम दिने भन्ने विषयमा अर्थ मन्त्रालयले मापदण्ड बनाउने बताए।

'कुन तहको कर्मचारीलाई कति र कम दिने र सरकारी सेवाबाट हट्दा गाडीको डिप्रिसिएसन घटाएर कर्मचारीले गाडी लैजान पाउने भन्नेबारे मापदण्ड बन्छ,' शर्माले नेपालखबरसँग भने, 'मापदण्ड बनेपछि मात्रै कति रकम दिने वा कति रकम काटेर गाडी लैजान दिने भन्ने टुंगो लाग्छ।'

कर्मचारीलाई गाडी दिए पनि उसको रुचि अनुसारको खरिद गर्छ र सेवा निवृत्तिपछि कर्मचारीले आफैँ गाडी लैजान सक्ने उनले बताए।

**'फिल्ड'मा जाने कर्मचारीलाई छुट्टै सुविधा**

सरकारले अनुगमन लगायतको कामका लागि स्थलगत जाने कर्मचारीलाई छुट्टै व्यवस्था गर्ने भएको छ। अर्थ मन्त्रालयले तह अनुसार रकम दिने भने पनि नेपालको भौगोलिक अवस्था अनुसार सबै सवारीसाधन सबै ठाउँमा जान सक्दैनन्। विषेशगरी भौतिक पूर्वधारका क्षेत्रमा खटिने कर्मचारीलाई फरक व्यवस्था गर्नुपर्ने हुन्छ।

भौतिक पूर्वधार तथा यतायात मन्त्रालयका सचिव केशवकुमार शर्माले 'सुपरभिजन भेइकल' ( अनुगमन गर्दा लैजाने गाडी) र नियमित प्रयोग गर्ने गाडीमा फरक हुनुपर्ने बताए।

'सुपरभिजनमा जाने कर्मचारीलाई सामान्य गाडीले हुँदैन,' सचिव शर्माले भने, 'सुपरभिजन भेइकल फरक हुनुपर्छ।'

अर्थ मन्त्रालयले दैनिक कार्यालय आउजाउ गर्ने र फिल्डमा हिँड्ने कर्मचारीलाई फरक व्यवस्था गर्न सकिने जनाएको छ।

'सुविधाको गाडी कार्यालय र बासस्थानमा जाँदा प्रयोग गर्छन्,' अर्थ मन्त्रालयका प्रवक्ता समेत रहेका शर्माले भने, 'फिल्डमा हिँड्नेको लागि सरकारले नै खरिदगरी 'पुल'मा राख्न सकिन्छ।' फिल्डमा सधैँ नजाने हुनाले नियमित चढ्ने गाडीको विषयमा बजेटमा नयाँ योजना ल्याइएको उनले बताए। अफरोड जानुपर्ने, फिल्डमा जानुपर्नेको लागि सरकारले नै खरिद गरी प्रयोग गर्न दिन सक्ने बताए।

**इन्धनको सट्टा पनि रकम दिइने**

हाल सरकारी निकायले कर्मचारीलाई इन्धनको टोकन र कोटाको आधारमा तेल उपलब्ध गराउँदै आएका छन्।

'सुविधा पाउने कर्मचारीलाई श्रेणीको आधारमा इन्धन कोटामा उपलब्ध हुने गरेको छ,' संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव कमल भट्टराईले भने, 'बजेटको व्यवस्था कार्यान्वयन गर्न अर्थ मन्त्रालयले कार्यविधि बनाएपछि कसरी रकम उपलब्ध गराउने स्पष्ट हुन्छ।'

महालेखा परीक्षकको कार्यालयले हरेक वर्ष इन्धनको नाममा फजुल खर्च गर्दै आएको भनी प्रश्न उठाउने गरेको छ।

अर्थ मन्त्रालयका अनुसार मासिक वा वार्षिक रुपमा एकमुष्ठ इन्धनको रकम दिए कर्मचारीले व्यवस्थापन गर्न सक्ने जनाएको छ। बजेटमा सरकारी कर्मचारीलाई इन्धनको सट्टा रकम नै दिने योजना ल्याएको छ। बजेट वक्तव्यको ४९ नम्बर बुँदामा सवारी साधनको सुविधा प्राप्त गर्ने पदाधिकारीलाई स्वीकृत मापदण्डको आधारमा इन्धन बापत नगद नै प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

'दैनिक कार्यालयमा आउने कर्मचारीलाई कति इन्धन उपलब्ध गराउने, फिल्डमा जानेलाई कति दिने भन्ने छुट्टै मापदण्डको आधार बन्छन्,' मन्त्रालयका प्रवक्ता समेत रहेका शर्माले भने।

'सहसचिव हुँदा गाडी दिने, पछि उसैलाई लैजान दिनु राम्रो हुन्छ'

पूर्वअर्थसचिव शिशिर ढुंगानाले गाडीको सट्टा पैसा दिँदा सरकारले एकमुष्ठ धेरै लगानी गर्नुपर्ने अवस्था आउने बताए। तत्काल पैसा दिन अप्ठेरो हुने उनको भनाइ छ। गाडीको सट्टा पैसा दिनको लागि सरकारले फाइनान्सिङ (वित्तीय संस्थालाई किस्तामा तिर्ने) व्यवस्था गरिदिनु पर्ने हुन सक्ने बताए।

सरकारी गाडीको व्यवस्थापनको विषयमा यसअघि धेरै छलफल तथा अध्ययन भएको उनले सुनाए।

'कुनै कर्मचारी सहसचिवमा बढुवा भएपछि एउटा गाडी दिने, सरुवा हुँदा गाडी आफैसँग लैजाने मोडालिटीमा अध्ययन भएका थिए,' ढुंगानाले भने, 'सेवा अवधिभर उसैले मर्मत तथासंभार गर्ने र निवृत्तिपछि डिप्रिसिएसन घटाएर गाडी लैजान दिने विषय थियो।'

उनले कर्मचारीले १०-१५ वर्ष यही गाडी चढ्नुपर्छ भनेपछि त्यसलाई मर्मत गरेर राख्ने हुँदा अध्ययन भएको मोडालिटी नै उत्कृष्ट हुने बताउँछन्।

उनले नेपाल सरकारले धेरै रकम मर्मत र इन्धनमा खर्च गर्नुपर्ने बाध्यता हट्न सक्ने बताए। त्यस्तै गाडी कर्मचारी आफैँले चलाउने भएपछि चालकको नाममा थप खर्च सरकारले ब्यहोर्नु नपर्ने बताए। कर्मचारी आफैँ चढेको गाडी लैजान पाउँदा सस्तो पर्ने र सरकारलाई लिलाम गर्ने झन्झट पनि नहुने उनले बताए।

*नेपाल खबरबाट*

## बर्दिबास :युवाहरुले चन्दा संकलन ...

सामुदायिक स्तरबाट सञ्चालित सर्प दंश उपचार केन्द्र गौरिडाँडामा नेपाली सेनाको प्राविधिक सहयोगमा एक दशकदेखि उपचार हुँदै आएको छ। यहाँ भेन्टिलेटर सञ्चालनमा बर्दिबास जनसेवा हस्पिटलले सहयोग गर्ने अस्पतालका अध्यक्ष सुमन भुजेलले प्रतिबद्धता जनाए।

एक अध्ययनका अनुसार महोत्तरीको बर्दिबासको चुरे क्षेत्र बिशालु सर्पको राजधानी हो। 'किसान, गरिव तथा विपन्न वर्गका मानिसहरु बढी सर्पको टोकाईबाट घाइते हुन्छ। उनीहरुको उपचारमा स्थानीय सरकारले सहयोग गर्नु पर्छ' अध्यक्ष देवकोटाले भने ,' केन्द्रमा ६ सय थान एन्टि स्नेक भेनम मौजुदा छ।'

प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२०
प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५
रूफटप होटल एण्ड गेष्ट हाउस
मिटिङ्ग हल, पार्टी पैलेश
गौशाला नगरपालिका- ३, निगौल (नर्सिङ्ग पेट्रोल पम्पको अगाडी)



यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ । साथै होम डिलेभरिको व्यवस्था पनि छ ।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)
सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# औरही नगरपालिकाबाट श्रम स्वीकृति शुरु



**धर्वेन्द्रकुमार यादव यदुवंशी**
**जेठ २४ गते, औरही, महोत्तरी**

वैदेशिक रोजगारीमा जाने हरेक नेपाली नागरिकले अनिवार्य रूपमा श्रम स्वीकृति लिनुपर्ने व्यवस्था अनुसार औरही नगरपालिकाले श्रम स्वीकृति प्रदान गर्न थालेको छ ।

वैदेशिक रोजगार विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली मार्फत अनलाइन आवेदन दिने व्यवस्था गरे अनुरुप औरही नगरपालिले उक्त व्यवस्था सुरु गरेको नगर प्रमुख प्रदिप कुमार खड्काले जानकारी दिनुभयो ।

अनलाइन आवेदन गरी श्रमिकले श्रम स्वीकृति प्राप्त गर्न सक्ने व्यवस्था भए पनि अधिकांश नेपाली श्रमिकले अनलाइन आवेदन अन्य अनाधिकृत व्यक्ति वा सेवाप्रदायक संस्था मार्फत गर्दा श्रमिकको सम्पूर्ण विवरण प्रविष्ट नहुने, सो वापत धेरै रकम तिर्न बाध्य हुनुपर्ने र विभिन्न वाहाना बनाइ श्रमिकलाई दुःख हैरानी दिने कार्य हुँदै आएको थियो ।

सोही अवस्थालाई मध्यनजर गर्दै वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित एवं भरपर्दो बनाई स्थानीय तहसम्म पहुँच अभिवृद्धि गर्न वैदेशिक रोजगारीमा जाने श्रमिक तथा कामदारको व्यक्तिगत तथा पुनः श्रम स्वीकृतिको अनलाइन आवेदन कार्य एवं वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह गर्ने कार्यमा ७ सय ५३ स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रलाई जिम्मेवारी तोकी २०८० साल वैशाख १ गते देखि कार्यान्वयन गर्ने परिपत्र अनुसार औरही नगरपालिको उक्त कार्य प्रारम्भ गरेको नगर प्रमुख खड्काले बताउनुभयो ।

नगरपालिकाको कार्यालयमा आयोजित एक कार्यक्रमका बीच नगर प्रमुख प्रदिप कुमार खड्काले औरही नगरपालिका २ का उमेश साह पजियारलाई श्रम स्वीकृती प्रदान गरिएको छ । अव श्रम स्वीकृत लिने व्यक्तिहरुले व्यक्तिगत विवरण सहितको व्यक्तिगत कागजपत्र, रोजगारदाताले दिएको सम्झौतापत्र, राहदानीको प्रतिलिपी सहित रोजगार शाखामा सम्पर्क गर्नका लागि नगरपालिकाको रोजगार शाखाका प्राबिधिक मनिष कुमार यादवले आग्रह गरेको छ । वैदेशिक रोजगारका लागि जाने व्यक्तिले स्थानियतहबाटै निःशुल्क रुपमा श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृत सेवा पाएपछि स्थानियहरु हर्षित भएका छन् ।

# एन्टिबायोटिक औषधिको जथाभाबी प्रयोग नगर्न सुझाव




**खबर दर्पण समाचारदाता**
**जेठ २४ गते, जनकपुर**

एन्टिबायोटिक औषधिको जथाभाबी प्रयोगले मानव स्वास्थ्यमा प्रतिकूल असर पुगेको भन्दै सामान्य रोग लाग्दैमा एन्टिबायोटिक औषधि प्रयोग नगर्न स्वास्थ्यकर्मीले सुझाव दिएका छन् । जनकपुरधाममा आयोजित कार्यक्रममा चिकित्सकले सो सुझाव दिएका हुन् ।

सङ्घीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बुधबार जनकपुरधाममा आयोजना गरेको सञ्चारकर्मीमाझ एन्टिमाइक्रोबियल रेसिस्टेन्टबारे जनचेतनामूलक कार्यक्रममा बोल्दै मधेस प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव एवम् बालरोग विशेषज्ञ डा. प्रमोद यादवले नेपाल सरकारको स्पष्ट गाइडलाइन हुँदाहुँदै पनि नेपालमा एन्टिबायोटिक औषधिको प्रयोग जथाभावीरुपमा भइरहेको बताउनुभयो ।

आउने दिनमा भयावह अवस्थाको सिर्जना गर्न सक्ने भएकाले यसको प्रयोग गर्दा बिरामीहरूले ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले साक्षरता दर पनि निकै कम र हेको मधेश प्रदेशमा जनचेतनाको अभावले पनि यसको प्रयोग बढी भइरहेको भन्दै आमनगरिकलाई यसको बारेमा जानकारी गराउनु पर्ने बताउनुभयो ।

सङ्क्रमण रोग विशेषज्ञ डा. सन्तोष दुलालले ७५ प्रतिशत सरुवा रोगहरू जनावरबाट मानिसमा सर्नेगरेको बताउनुभयो ।

उदाहरणका रूपमा कोभिड –१९ रहेको उहाँको भनाइ छ । विश्वभरमा ५० प्रतिशत एन्टिबायोटिक औषधि अनावश्यक रूपमा प्रयोग भइरहेको भन्दै यसले आउने दिनमा ठुलै समस्या निम्त्याउन सक्ने उहाँको भनाइ छ ।

कार्यक्रममा डा.विवेक श्रेष्ठले एन्टिबायोटिकको प्रयोग गर्दा पनि पूर्णमात्रामा निको हुने किसिमले प्रयोग नगर्ने, बीचमै अर्को एन्टिबायोटिकको प्रयोग गर्ने हाम्रो परिपाटी भएको भन्दै त्यसले थप समस्या निम्त्याइरहेको बताउनुभयो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका राजकुमार पाण्डे, युएसएडका प्रतिनिधि पत्रकार अर्जुन अधिकारीसहितले धारणा राख्नुभएको थियो ।

# सांस्कृतिक कार्यक्रम अश्लील भएको भन्दै स्थानीयको विरोध



**खबर दर्पण समाचारदाता**
**जेठ २४ गते, महोत्तरी**

महोत्तरी सदरमुकाम जलेश्वरमा आयोजनामा रहेको पँचवर्षिय संसारी माता महापुजा महोत्सवमा संस्कृति कार्यक्रमको नाममा आयोजकले टिकटक को माध्यमले समाजमा अश्लिलता फैलाईरहेकि नृत्यांगना प्रीती पासवान लाई अश्लिल गीतमा नृत्य गराएपछि स्थानिय युवाहरु विरोध जनाएका छन ।

धार्मिक एवं आस्था को केन्द्र मानिएको जलेश्वरमा महापुजा महोत्सवको नाममा आयोजकले मनोरञ्जन कार्यक्रम को नाममा अश्लिलता देखाएपछि विरोध जनाएको स्थानिय युवाहरुले बताएका छन ।

मेलमा संस्कृतिक कार्यक्रम गर्ने जिला प्रशासन कार्यालय महोत्तरी बाट अनुमति पाएका समितिले प्रहरी को आड़मा यस्ता अश्लिल कार्यक्रम गरिएको स्थानियहरूको बुझाई छ ।

यता, जिल्लामा मेला महोत्सवमा ऑरकेस्ट्रा लगायत अश्लील कार्यक्रम पूर्ण रूपले निषेध गरिएको सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले बताएका छन ।समितीलाई मेलामा संस्कृतिक कार्यक्रम गर्न अनुमति दिएको र यस्ता गतिविधि संचालन भए तत्कालै रोकिने सहायक प्रमुख जिल्ला अधिकारी न्यौपाने ले बताए मेलामा सुरक्षाको नाममा सैकड़ो प्रहरी परिचालन गरिएको छ ।

विरोध गरेका युवाहरुले जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश साह सोनार लगायत व्यवस्थापन समिति, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय महोत्तर ीका प्रमुख विरुद्ध मुर्दाबादको नारा लगाएका छन ।

*नियमित कर तिरी नगर विकासमा सहभागी बनौं ।*
*कर तिर्नु सभ्य नागरिकको पहिचान हो समयमै कर चुक्ता गरौं*
**बटेश्वर गाउँपालिका कार्यालय**
**धनुषा**

# जनयुद्धका शहीद परिवारद्वारा मधेसको गृह मन्त्रालय घेराउ




**खबर दर्पण समाचारदाता**
**जेठ २४ गते, जनकपुर**

जनयुद्धका शहीद परिवारले मधेस प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालय घेराउ गरेका छन् । मधेस शहीद प्रतिष्ठानले दिने घोषणा गरेको एक लाख रुपैयाँ नदिएको भन्दै उनीहरुले मन्त्रालय घेराउ गरेका हुन् ।

विभिन्न जिल्लाबाट आएका जनयुद्धका शहीद परिवारले मन्त्रालय घेराउ गर्नु अघि मुख्यमन्त्री सरोजकुमार यादवलाई भेटेर तत्काल एक लाख रुपैयाँ उपलब्ध गराउन माग गरेका थिए ।मधेस सरकारले गत वर्ष नै जनयुद्धमा शहीद भएका परिवार लाई किस्तावन्दीमा ३ लाख रुपैयाँ उपलब्ध गराउने घोषणा गरेको थियो ।

प्रतिष्ठानले तीनवर्षसम्म एक/एकलाख रुपैयाँ उपलब्ध गराउने कार्यक्रम अन्तर्गत यसपटक शहीद परिवारले पैसा पाएका छैनन्। सरकारले गत फागुन २९ गते राजपत्रमा प्रकाशन गरेको शहीदको नाम र ठेगानाको आधारमा रकम दिने भनेको छ । तर, शहीद परिवारले गतवर्ष जस्तै प्रमाण पत्रको आधार पाउनु पर्ने माग गरेका छन् ।

शहीद घोषणामा कतिपयको नाम र ठेगाना गलत भएकाले प्रतिष्ठानले सच्याएर मात्र दिने र सोकाम सरकारको भएको शहीद परिवारका सदस्य राजु महतोको भनाइ छ ।

असार मसान्तभित्र राहत रकम नपाए छुट्याइएको बजेट फ्रिज हुने र नपाउने चिन्ता शहीद परिवार लाई छ ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा